# ताराखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड (३) संख्या (१) मिति – २०७६।०२।०९

भाग २
ताराखोला गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत, २०७४ सालको कार्यविधि नं. ७

**कार्यविधिको नाम - ताराखोला गाउँपालिकाको अनुगमनमुल्याङ्ककनकार्यविधि २०७४**

**प्रस्तावना**

विगतलामो समय देखि नै यो देशमा अनुगमन मुल्याङ्कनको फितलो कार्यान्वयन का कारण देशले आशातित उपलव्धीहासिलगर्न नसकेको रास्ट्रव्यापी रुपमागुनासो वढिरहेको अवस्थामा यस गाउँपालिकामा संचालित योजनाहरुको सफलकार्यान्वयनमाजोड दिदै योजना छनौटमा सहजिकरण र नीतिनिर्माणमा सहजताकायमगरी सुशासन ,पारदर्शिता ,दीगोपना ,सहभागितामाअभिवृद्धिगरी गाउँपालिकाभित्र योजनाकार्यान्वयनपक्षलाई सफलिभुतपार्नको लागिअनुगमनमुल्याङ्कनकार्यविधिवनाई कार्यान्वयनगर्न वान्छनीय भएकोले अनुगमनमुल्याङ्कनकार्यविधि २०७४ लागु गरिएको छ।

## उद्देश्य :-

(क) योजनाहरुको समयमाप्रभावकारीकार्यान्वयनगर्नको लागि सघाउ पुर्‍याउने ।

(ख)अनुगमन मुल्याङ्कनवाट प्राप्त सुझावतथानिस्कर्षलाई मार्ग दर्शनको रुपमालिइकार्यान्वयनतहमा लैजाने ।

(ग) योजनाहरु समयमा नै सम्पन्नगर्नको लागि सहयोग पुराउने ।

## परिच्छेद – एक

### संक्षिप्तनाम र प्रारम्भ

(१) संक्षिप्तनाम :- यस कार्यविधीको नामताराखोला गाँउपालिकाको अनुगमनमुल्याङ्कनकार्यविधि २०७४ रहनेछ ।

(२) यो कार्यविधी तुरुन्तलागु हुनेछ ।

## परिच्छेद – दुई

### परिभाषा

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)**कायविधिभन्नाले** :-ताराखोला गाँउपालिको अनुगमनमुल्याङ्कनकार्यविधि २०७४ लाइजनाउने छ ।

(ख) **गाउँपालिकाभन्नाले** :- ताराखोला गाउँपालिकालाई जनाउछ ।

(ग) **अनुगमनभन्नाले :** योजना, नीति, कार्यक्रमतथाआयोजनाहरुमालगानीतथा साधनको प्रवाहा समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरु कार्यान्वयनभई लक्षितप्रतिफलप्राप्तभएको छ /छैन भनिविभिन्नतहकापदाधिकारी, व्यवस्थापनवाव्यवस्थापनले तोकेको व्यक्तितथा निकायवाट निरन्तर र आवधिक रुपमानिगरानी राख्ने कार्यलाई जनाउने छ ।

(घ)**मुल्याङ्कनभन्नाले**: कार्यान्वयनगरिएका योजना, नीति,कार्यक्रमतथाआयोजनाहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन तथा के कस्ता उपलब्धिएवं प्रभावहरु हासिलभएका छन भन्ने कुरा लेखाजोखागर्ने कुरालाई जनाउने छ ।

(ङ) **प्राविधिकको अनुगमनतथामूल्याकंन** :प्राविधिकअनुगमनतथामूल्याकंनभन्नाले ताराखोला गाउँपालिकाकाप्राविधिक जनशक्तिबाट योजनाको लागत इष्टिमेट नियमितप्राविधिक चेक जाँच, आयोजना योजनाहरुलाई आवश्यकप्राविधिक सहयोग सहितको सेवाउपलब्ध गराउने कुरालाई बुझिन्छ ।

## परिच्छेद – तीन

### अनुगमनतथामुल्याङ्कनमा रहने पदाधिकारी तथाकर्मचारी

(१)गाँउपालिकाअध्यक्ष

(२) गाँउपालिकाउपाध्यक्ष

(३) प्रमुखप्रशासकियअधिकृत

(४)सम्वन्धित वडाको वडा अध्यक्ष

(५) आवश्यकताअनुसार अन्यपदाधिकारी तथाकर्मचारीहरु

गाउँपालिकाको प्राविधिक शाखाबाट आवश्यकप्राविधिक सहयोग उपलब्ध गराउने अनिवार्य रुपमाकामको सरुवात देखि अन्त्य सम्मप्राविधिकले योजनाको लागत इस्टिमेट, निरन्तर जाँचअनुगमनतथामुल्याकंनगर्नु पर्नेछ ।

## परिच्छेद–चार

### अनुगमनतथामुल्याङ्कनप्रतिवेदन सम्वन्धमा

(१) अनुगमनमुल्याङ्कनगर्न गएकापदाधिकारी तथाकर्मचारीले तोकिएको ढाँचामा प्रतिवेदनतयार गरी पेश गर्नु पर्ने छ ।

## परिच्छेद–पाँच

### अनुगमनमुल्याङ्कनकर्ताको सुविधा सम्वन्धमा

अनुगमनतथामुल्याङ्कनगर्न जाने पदाधिकारी तथाकर्मचारीले नेपाल सरकार अर्थ मन्त्रालयवाट तोकिएवमोजिमको देहायमाउल्लेखित सुविधाप्राप्तगर्ने छ ।

(१)दैनिकभत्ताप्रतिदिन रु १०००।००
(२) खाजातथाखर्चप्रतिदिनप्रतिव्यक्ति रु १००।००
(३) खानाखर्च प्रतिपटक प्रतिव्यक्ति रु १५०।००
(४) प्रतिवेदन लेखन रु ५००।००
(५) स्टेशनरी वापत रु ५०।००
(६) विविधतर्फ ५००।००

## परिच्छेद – छ

### अन्य :

(क) अनुगमनतथामुल्याङ्कनको अवधि १दिनवा वढीमा आवश्यकताअनुसार ४ दिनको हुनेछ ।
(ख) अनुगमनतथामुल्याङ्कनगर्न जाँदाचारपाङग्रे सवारी साधनको प्रयोग गर्नुपर्ने भएमा सवारी साधनको भाडागाउँपालिकाको दररेट वा सो स्वीकृत नभएको भएजिल्ला दररेटमा नबड्ने गरी हुनेछ ।
ग) यस कार्यविधिमाउल्लेख भएकाप्रावधानहरुलाई समय सापेक्ष परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद – सात

### खारेजी तथा वचाउः

यस कार्यविधिमाव्यवस्थाभएका कुराहरुको हकमा “स्थानीय तहको शासन सञ्चालन सम्बन्धिआदेश २०७४”, “स्थानीय निकायआर्थिक प्रशासन सम्वन्धीनियमावली २०६४” को नियमतथाअन्यप्रचलितकानुन संग वाझिएको हकमावाझिएको हदसम्मखारेजीहुनेछ ।

आज्ञाले,

नाम – राम प्रसाद शर्मा

प्रमुख प्रशासकिय अधिकृत